जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ७ २०८० साल भदौ १७ गते आइतवार (3 Sep 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : थारु संस्कृतिभित्र ... पृष्ठ ३ मा : मुलुकमा वित्तीय अपराध, भ्रष्टाचार र ... पृष्ठ ५ मा : पत्रकार र प्रशासनबीच सुमधुर ... पृष्ठ ५ मा : आदित्य एल-१ ...

# दुई दिनको अवधीमा दुई पालिका प्रमुख निलम्बित

## सप्तरीमा निलम्बित हुने प्रमुखको संख्या चार पुग्यो

**राजविराज**/दुई दिनको अवधीमा सप्तरीका दुई पालिका प्रमुख निलम्बित भएका छन्। यो सँगै जिल्लाको १८ मध्ये चार पालिका प्रमुख निलम्बित भइसको छन्।

निलम्बित हुनेहरुमा बोदेबरसाइन नगरपालिकाका नगर प्रमुख आतेशकुमार सिंह यादव, शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता र विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव रहेका छन् भने राजविराज नगरपालिकाका नगर प्रमुख भिमराज यादव विशेष आदालतबाट राजविरास्थित राजरंगशालाको स्तरोन्नती कार्यमा अनियमितता



**आतेशकुमार सिंह यादव**
**निलम्बित प्रमुख**
**बोदेबरसाइन नगरपालिका**



**उमेश प्रसाद यादव**
**निलम्बित अध्यक्ष**
**विष्णुपुर गाउँपालिका**



**भिमराज यादव**
**निलम्बित प्रमुख**
**राजविराज नगरपालिका**



**जितेन्द्र प्रसाद गुप्ता**
**निलम्बित प्रमुख**
**शम्भुनाथ नगरपालिकाका**

गरेको भन्दै दोषि ठहर भइसकेका छन्।

पछिल्लो पटक बुधबार भदौं १३ गते जिल्लाको बोदेबर्साइन नगरपालिकाका प्रमुख आतेशकुमार सिंह यादव निलम्बित भएका छन्। प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत बाखा व्यवसायी पकेट कार्यक्रमका लागि छुट्याइएको रकम कामै नगरी भुक्तानी गरेको आरोपमा नगर प्रमुख सिंहसहित ८ जना विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको अख्तियारले जनाएको छ।

नगर प्रमुख सिंहसहित निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुन प्रसाद यादव, लेखापाल सरोज कुमार मंडल, तत्कालीन वडा अध्यक्ष रामानन्द चौधरी, नगरपालिकाको तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगत, माँ जगदम्बा कृषक समुहका अध्यक्ष राधेश्याम कुमार साह र कोषाध्यक्ष निलम कुमारी शर्मा विरुद्ध अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

बोदेबरसांइन नगरपालिकाले बाखा व्यवसायी पकेट कार्यक्रमका लागि वडा नं ६ फुलकाहीको माँ जगदम्बा कृषक समूहसँग सम्झौता गरेको थियो। तर नक्कली बिल भर्पाई र झुठा बिल बनाएर १४ लाख ७१ हजार ९ सय २१ रुपैयाँ नगरपालिकाले भुक्तानी गरेको अख्तियारको दाबी छ।

यता भदौं ११ गते जिल्लाको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवलाई घुससम्बन्धी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएर विशेष अदालतबाट म्याद थप गरी थुनामा राखेसँगै उनी निलम्बित भएका हुन्४। अध्यक्ष यादवलाई भदौं ६ गते अख्तियारले घुस सम्बन्धी विषयमा सोधपुछ र अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो।

भदौं ७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकालाई पत्राचार गर्दै आयोग ऐन २०४८ को दफा १६(४) बमोजिम विशेष अदालतबाट म्याद थप भइ थुनामा रहेका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक आयोग ऐन २०४८ को दफा १७ र तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ वमोजिम स्वतः निलम्बन हुने प्रावधान अनुरूप अध्यक्ष निलम्बन भएको जानकारी दिइएको हो।

गत साउन ३१ गते सोलार बत्ति सम्बन्धी एक योजनामा २ लाख नगद र ३ लाखको चेक घुसवापत लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर वीरेन्द्र यादवलाई आयोगको इटहरीस्थित कार्यालयको टोलीले राजविराजस्थित गजेन्द्र चौकको एक बस बुकिङ काउन्टरबाट नियन्त्रणमा लिएको थियो।

यस्तै सप्तरीको शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्तालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। नगर प्रमुख गुप्ता र नगरपालिकाका इन्जिनियर रामचन्द्र साहबीचको आपसी मिलेमतोमा विद्यालयको सभाहल निर्माणको अन्तिम बिल भुक्तानी प्रयोजनका लागि सेवाग्राहीसँग १ लाख ४० हजार रुपैयाँ घुस लिएको पुष्टि हुन आएकोले नगरप्रमुख गुप्ता र इन्जिनियर साहमाथि विशेष अदालतमा आरोप पत्र दायर गरिएको छ।

अख्तियारको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले गत माघ ३ गते इन्जिनियर साहलाई एक लाख ४० हजार रुपैयाँ घुस लिइसकेको भन्दै नियन्त्रणमा लिएको थियो। इन्जिनियर साहलाई

*बाँकी अन्तिम पृष्ठमा*

# रास्वपा संघीयता बिरोधी होइन् : अध्यक्ष लामिछाने



**राजविराज**/राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले आफ्नो पार्टी संघीयता बिरोधी नभएको बताएका छन्। उनले आफ्नो पार्टी प्रत्यक्ष निर्वाचन प्रणालीबाट मुख्यमन्त्री बनाउनुपर्ने पक्षमा रहेको उल्लेख गरे।

शनिबार राजविराजमा पत्रकार भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष लामिछानेले रास्वपालाई बर्तमान संघीय शासन व्यवस्था विरोधीको रुपमा शंका गर्न नहुने तर्क गरे।

अध्यक्ष लामिछानेले प्रत्येक्ष निर्वाचन प्रणालीबाट मुख्यमन्त्री बनाउनुपर्छ भन्दा प्रादेशिक संरचना व्यवस्थाको विरोधी हो की भन्ने लागेको हुनसक्छ, तर, यस्तो नभएको स्पष्ट समेत पारे।

प्रादेशिक संरचनाबाट हाल भइरहेको सेवा प्रवाहमा ढिलासुस्ती र बेथिति बढेको भन्दै असन्तुष्टि व्यक्त गर्दै उनले प्रादेशिक संरचना राजनीतिक भागबण्डा गर्ने अखाडा बनेको आरोप समेत लगाए।

अध्यक्ष लामिछानेले वर्तमान प्रचण्ड नेतृत्वको सरकारले गरेको कामकारबाही प्रति टिप्पणी गरिहाल्ने अवस्था नभएको जिकिर गर्दै भ्रष्टाचार विरुद्धको केही राम्रा काम समेत गरेको उल्लेख गरे।

उनले सत्तारुढ पार्टीका नेताहरुमाथी अनुसन्धानमा कन्जुस्याइँ गरेको जस्तो नदेखिए पनि भ्रष्टाचार अभियोग लागेका सत्तारुढ दलका नेताकार्यकर्तालाई संरक्षण गर्न छलछाम सामसुम गरिरहेकोप्रति खबरदारी पनि गरे।

रास्वपा प्रतिपक्षमा रहेर थप जिम्मेवारीका साथ काम गर्ने बताउदै अध्यक्ष लामिछानेले अहिले सरकारमा नजाने समेत स्पष्ट पारे। पूर्वगृह मन्त्री समेत रहेका लामिछाने मधेश प्रदेश स्तरीय दुई दिने कार्यकर्ता प्रशिक्षण कार्यक्रम उद्घाटन गर्न शनिबार राजविराज आएका छन्।

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### पुरुषले पनि सहकार्य गर्नुपर्छ

दाइजोका कारण धेरै जसो दिदीबहिनीहरुले कष्ट भोग्नु परिरहेको छ। कतिले त ज्यानै दिनुपर्ने अवस्था समेत आएको छ। पवित्र दाम्पत्य बन्धनलाई किनबेचको अवस्थामा ल्याई पुऱ्याउनु अवश्य पनि सभ्य समाजका लागि दुःखदायी र चिन्ताको विषय हो। अधिकांश विवाहमा दाइजोको लेनदेन भएर मात्रै वैवाहिक सूत्र बन्धनमा बाँध्ने गरेका छन्। महिला हिंसाका धेरै स्वरुप मध्ये दाइजो पनि एक हो।

पुरुषको शैक्षिक स्तर र आर्थिक अवस्थाका आधारमा उसको दाइजोको मोल तय हुने गरेको छ। जति धेरै पढेको वा जति धेरै आर्थिक रुपमा सम्पन्न, त्यति धेरै दाईजोको माग। दाइजोले महिला सम्मानलाई समेत चोट पुऱ्याइरहेको र दाइजो दिन नसक्ने अवस्था भएको कतिपय अभिभावकहरु छोरी जन्माउनु परेकामा आफ्नो कर्मलाई सराप्दछ। तर, यो दोष छोरी भएर जन्मनु वा छोरी जन्माउनुका नभएर ति धनलोलुपहरुको हो जसले आफ्ना छोराको मोल भाउ गरेर दाइजो माग्ने गर्दछन्।

महिलामाथिको हिंसा यसै बढेको छ र त्यसमाथि दाइजो रुपी हिंसाले महिलाहरुलाई अझै पीडामा पारेको छ। महिलाहरुले सशक्त भई यस्ता विकृति विरुद्ध कम्मर कसेर लाग्नुपर्ने बेला आएको छ। महिलाहरुका यस्तो कार्यमा पुरुषहरुले समेत समन्वय र सहकार्य गर्नुपर्ने आजको आवश्यक्ता पनि हो।

# थारु संस्कृतिभित्र साम्यवाद

**डा. रामबहादुर चौधरी**

आफ्नो पहिचानको खोजीमा रहेको एक जाति हो- थारु। तराईको पूर्वदेखि पश्चिमसम्म बाक्लिएर बसेको, देशभक्तिले भरिपूर्ण समूह हो थारु। आत्मसम्मानको लडाइँ लडिरहेको एक कबिला हो- थारु। आत्मनिर्णयको अधिकार प्राप्तिको पर्खाइमा रहेको परिश्रमी समुदाय हो- थारु। र, आजको सन्दर्भमा राजनीतिक रूपले विचलित भूमिपुत्र हो- थारु।

कुनै बेला देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा उभिएको जग्गाको कर उठाउने गरेको, जसको कारणले हजारौँ हजार बिगाहा बक्सिस पाएको जाति हो थारु। यातायातको साधन नभएको वेला राजा महाराजाहरूलाई माहुतेको रूपमा जंगली हात्ती कज्याइ उपहार दिएबापत तिरो (कर) छुट पाएको जाति हो थारु। ब्रिटिस साम्राज्य (इष्ट इण्डिया कम्पनी) विरुद्ध उभिई डटेर सामना गरेबापत हजारौँ बिगाहा जग्गा उपहार प्राप्त गर्न सफल जाति हो थारु। प्रजातन्त्र प्राप्तिको लागि तराईको योद्धा जाति हो थारु। साम्यवाद प्राप्तिको लागि प्राणको आहुति दिएको जाति हो थारु।

पछिल्लो राजनीतिक परिवर्तन, विशेषतः दश वर्षे जनयुद्ध- थारुहरूले महसुस गरेको आफ्नो युद्ध। त्यसैले होला, कुनै बेला राज्यको नजरमा सबै थारु माओवादी। यति विघ्न माया गरेको त्यो युद्धको पछाडिको कारणहरूमध्ये एक थियो थारुहरूको संस्कृति।

थारु जातिले भिख मागेर खाँदैन, उसले भिख माग्न जान्दैन। यो उसको लागि जेनेटिक गुणजस्तै हो। यो गुण उसको रगतमा बगेको कारणले उ भिख माग्दैन। यसैगरी, थारुहरूको रगतमा बग्ने अर्को गुण हो- साम्यवाद।

थारुहरू माओवादतर्फ आकर्षित हुनुको मुख्य कारणहरू मध्येको एउटा कारण हो यो गुण, जुन गुण उसको रगतमा बगेको हुन्छ। जुन गुण उसको संस्कृति, चालचलन, रीतिरिवाज र समाजमा घुलित हुन्छ, जसरी पानीमा नुन। जो थारु समाजमा घुल्छ, उसको उसको संस्कृतिमा हराउँछ, उसको चालचलन रीतिरिवाजलाई बुझ्दछ र अन्तर आत्माले महसुस गर्दछ, उसैले नाङ्गो आँखाले हेर्न सक्दछ त्यो गुण।

साम्यवादको पाठ पढाउने ती शिक्षकले र सांस्कृतिक लडाइ लड्ने ती योद्धाले थारुहरूभित्र लुकेर रहेको त्यो गुण नबुझ्दासम्म मार्क्सवाद, लेनिनवाद, माओवादका वाद पढेर माओवादी भएका थारु नेताहरू जसले आफ्नै संस्कृतिमा साम्यवाद लुकेर बसेको छ भन्ने कुरा महसुस नगरेसम्म साम्यवादी गुणहरू र माओवादी शिक्षालाई जेनेटिक अर्थात् सांस्कृतिक बनाउन सकिँदैन।

म कुनै मार्क्सवादको पुस्तक पढेको पढाकु व्यक्ति होइन। न माओवादको शिक्षाको लागि कुनै वन्दसत्र वा कक्षामा बसेको मान्छे। तर, सानैदेखि परिवारमा, समाजमा साम्यवाद हेर्दै, अँगाल्दै र महसुस गर्दै हुर्केको एक थारु हुँ।

म त्यो परिवारमा हुर्कें, जहाँ सहोदर दाइ-भाइ, भतिजको दसैँमा लगाउने पाइजामा, कमिज 'जरावर'मार्फत प्राप्त हुन्थे। घरका सास-बुहारीहरूले प्राप्त गर्ने कपडामा 'गोट्टी' हालिन्थ्यो। त्यो समाजमा हुर्के, जहाँ केटाकेटीहरूले लगाएको लुगाको कलर हेरेरै यी एउटै घरका र ती अर्कै घरका भनेर ठम्याउन सकिन्थ्यो। वस्त्रमा न कुनै भेदभाव हुन्थ्यो, न कुनै असमानता।

हामी एउटै भान्सामा खान्थ्यो। करिब ३५-४० जनाको परिवार। खेतमा काम गर्दा मैले खाने भात र हाम्रो कमैयाको छोराले खाने भातको स्वादमा कहिल्यै अन्तर भएन। उसले खाने खुर्सानीको चटनी उति नै पिरो हुन्थ्यो जति मेरो।(२०५७ साउन २ अघि कमैया प्रथा थियो।)

सालको पातमा लहरै राखेको 'घँसल भात' कमैयाको छोराको कुन, मेरो कुन भनेर भाउज्यूहरूले कहिल्यै छुट्याउनु भएन। माघमा ढोग-सलाम होस् या दसैँको टीका-नाताले जो ठूलो उसलाई ढोग्नु पर्दथ्यो, चाहे त्यो मालिक होस् या कमैया। मालिकले आफ्नै घरमा काम गर्ने कमैयालाई ढोग्नु यो कुनै चानचुन कुरा होइन। तँ सानो, म ठूलो दर्शनबाट चलेको रीतिरिवाज होइन यो। यो त साम्यवादको एउटा उत्कृष्ट संस्कृति हो, उदाहरण हो। यसैकारण कमैया प्रथा राम्रो थियो भन्न खोजेको चाहिँ कदापि होइन। त्यस प्रथामा समानताका अंश पनि नभएका होइनन्, थारु समाजमा चित्रण गर्न खोजिएको हो।

घरको सदस्य थला परे, 'गोंइ डाँगर' (पशु) थला परे खेतको रोपाईं नसकिएला कि भनेर कुनै किसानलाई खासै चिन्ता हुँदैनथ्यो। किनकि एउटा घरकाले खेत रोपिसके अर्को घरकालाई सख्लहराको रूपमा सघाउने चलन थियो। यसमा न पैसा खोज्नुपर्ने, न ज्याला तिर्नुपर्ने। आफ्नो गाउँ छिमेककाले मात्र होइन, वल्लो पल्लो गाउँका नातेदारहरू आएर सघाउने चलन थियो थारु गाउँमा।

बिहे भोज हुँदा कुन दिन गर्ने, कसको घरमा कुन कुन घरकाले सघाउने कार्यको बाँडफाँट बरघरमार्फत् हुन्थ्यो (अझै पनि हुन्छ)। सकेसम्म बिहे एउटै दिनमा हुन्थ्यो- एउटा गाउँमा। सघाउने चलन जिउँदै रहे पनि गाउँभरिका केटी-केटीहरूको एकै दिनमा बिहे गरिदिने चलन भने हराएर गएको छ।

कृषिप्रधान देश सिँचाइ विना काम नचल्ने। बर्षेवाली लिनु अगावै कुला कुलेसा हेर्नैपर्ने। महिनौँ दिनसम्म गाउँ गाउँबाट 'डेसाहुर' उठेर कर्णाली जस्ता ठूला नदीबाट पानी ल्याउनैपर्ने। काम गर्दा कसैलाई मर्का नपरोस् भनेर 'नान्ह' हाल्नैपर्ने। साम्यवादको उदाहरण दिनुपर्दा यो भन्दा उत्कृष्ट उदाहरण अरु के नै होला र ?

आज थुप्रै नेताहरू धाक लगाउँछन् 'कुलरिया, जमरा, रानी कुलो सिँचाई योजना मैले गर्दा आएको हो।' एक पटक ८०-९० वर्षे बूढा बाको सामुन्ने सोही कुरा भन्नुहोस्। जसले पचासौँ दश नङ्गा त्यही सिँचाई व्यवस्थापनको लागि खियाएको थियो। जसले पथरैया, जमरा, रानी कुला हाम फालेर वारपार गरेको थियो। उसको अगाडि धाक लगाउनुस्, तपाईंको जिब्रो लरबराउने छन्।

गाउँघरका सडक, बाटो, पुल पुलेसा, ढुपौरा, संघ्वा कसरी बन्थे थारु गाउँमा ? त्यही साम्यवादको दर्शनले कार्य हुँदैनथ्यो र ? थारुहरूका बाहुली, अङ्ग अङ्गमा साम्यवाद थियो र अझै पनि मरिसकेको छैन। किनकि यो त उनीहरूको प्रवृत्ति हो, संस्कृति हो, जीवन हो।

गाउँघरमा सामुदायिक विद्यालय बनाउन परोस् वा कुलामा बाँध, मर्दा पर्दा होस् वा कुनै भोज भतेर साम्यवादी हात स्वयंसेवी कर्मका लागि स्वतःस्फूर्त सलबलाउँछन्।

यस्ता उदाहरणहरू थारु समाजमा कति छन् कति। त्यसैले, यहाँ भन्न खोजिएको हो, साम्यवाद थारुहरूको रग रगमा छ, जीनमा छ, रीतिरिवाजमा छ, संस्कृतिमा छ।

माथि चर्चा गरिएको यी यावत विशेषता भएको कारणले थारुहरू माओवादतर्फ बढी आकर्षित भए। जसले यस्ता संस्कृति आत्मसात् गरेका थिए- झन् छिटो लामबद्ध भए। शिक्षित भन्दा कम शिक्षितले पहिले पाइला चाले। शिक्षित भन्दा अशिक्षित थारुहरू माओवादीका ढाल बने। किनकि माओवादीले उठाएका इस्युसँग रसायन मिल्यो, संस्कृति मिल्यो, चालचलन मिल्यो, समान व्यवहार मिल्यो, विचार मिल्यो, दर्शन मिल्यो।

के कारणले विशेष समूह वा जाति वर्षौंसम्म कुनै विचारमा हिँडिरहन्छन् ? के कुराले उनीहरू सयौं वर्षसम्म एउटै संस्कृतिमा रमाउँछन् ? साम्यवाद र थारुहरूको खानपिन, साम्यवाद र उनीहरूले सहयोग गर्ने तरिका, साम्यवाद र उनीहरूले अँगालेका सामाजिक कार्य, साम्यवाद र उनीहरूको संस्कृति धेरै हदसम्म मिल्दोजुल्दो हुँदाहुँदै राजनीतिक रूपले किन विचलित हुँदैछन् थारुहरू ? मूलधारका पार्टीपंक्तिको लागि गहिरा प्रश्न हुन् यी।

विचार र बुझाइबीच तालमेल राम्रो भएन भने 'वान' माने 'एउटा अण्डा', टु माने 'दुइटा अण्डा', थ्री माने 'तीनटा अण्डा' बुझ्न सक्छ विद्यार्थीले। कतै थारुहरूले माओवादलाई यसरी नै त बुझेनन् ? रातोपाटीबाट

# कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**राजविराज**/ कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ। सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ३ शम्भुनाथ आयल ट्रेड सेन्टर छेउमा बिहीबार सो दुर्घटना भएको हो।

पुर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जादै गरेको बा.१५च. ९००३ न.को कारले बिपरित दिशाबाट आउदै गरेको स.६प.२१८६ न.को मोटरसाइकललाई ठक्कर दिदा मोटरसाइकल चालक सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ निवासी ४६ वर्षिय पुरनधर चौधरीको मृत्यु भएको हो।

ठक्करबाट घाईते भएका चौधरीलाई उपचारका लागि युनिक अस्पताल रुपनीमा भर्ना गरिएकोमा सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले कारचालक मोरङको विराटनगर ११ निवासी ४५ वर्षिय छत्र प्रसाद लुईटेललाई कारसहित नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ।

# गुम्बाबाट बुद्धको मूर्ती चोरी गर्ने पक्राउ

**राजविराज**/ सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिकाको नेत्र गुम्बाबाट चोरी भएका बुद्धको मूर्ती र अन्य सामाग्रिहरुसहित प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

प्रहरीले चोरी गरेको आरोपमा स्थानीय २२ वर्षिय बिशाल राई बुधबार पक्राउ गरेको हो। प्रहरीका अनुसार चोरी भएका सामानहरु रुपनीस्थित कवाडमा बिक्री गरेको अवस्थामा स्थानियहरुले खोजतलास गर्ने क्रममा बरामद गरिएको थियो।

बरामद भएका सामानहरुमा पितलको धुप देखाउने कुम्भे एक थान, घण्टिको डन्टि १ थान, पितलको बत्ति काछ ८९ वटा गरि जम्मा ९२ वटा बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो गुम्बाबाट बुद्धको मुर्ती एक थान, करुवा लोटा एक थान, घण्टी एक थान, स्टिलको कचौरा १० थान, नगद ५ सय ३५, काछको बत्ती १ सय ८, पञ्च बत्ती पाँच थान चोरी भएको थियो।

सामानहरु बरामद भएको कवडी पसलमा सोधपुछ गर्दा प्रहरी टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। राईको घरमा प्रहरीले खान तलासी गर्दा अन्य समानहरु समेत फेला परेकोले बरामद सामानसहित राईलाई नियन्त्रणमा लिईएको जनाइएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मुलुकमा वित्तीय अपराध, भ्रष्टाचार र ठगीको डढेलो कसले सल्कायो ?

**नन्दलाल खरेल**

वित्तीय अपराध पछिल्लो समयमा भयावह रूपमा बढेको पाइन्छ । सर्वप्रथम वित्तीय अपराध के हो ? यो बुझ्न जरुरी छ । वित्तीय अपराध भन्नाले सम्पत्तिसँग सम्बन्धित अपराध हो । जसमा कुनै एक व्यक्तिको स्वार्थका लागि अनधिकृत रूपमा सम्पत्तिको स्वामित्व परिवर्तन गर्ने प्रक्रियालाई जनाउँछ । बैंकिङ ठगी, भुक्तानी ठगी, कर छलीजस्ता अपराध वित्तीय अपराध हुन् ।

कोभिडका कारण शिथिल उद्योग व्यवसाय तङ्गिन नपाउँदै बैंक तथा वित्तीय संस्थाको ब्याज पनि महँगिएपछि व्यवसायीहरू ऋणको पासोमा पर्न थालेका छन् । चालु आर्थिक वर्षको सुरुवाती महिना साउनमै करिब पाँच हजार जना बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेका छन् । कर्जा सूचना केन्द्रका अनुसार साउनमा ४ हजार ९०१ जना कालोसूचीमा परेका छन् । यही गतिमा कालोसूचीमा पर्दै जाने हो भने वर्षको अन्त्यसम्म झन्डै ६० हजार पुग्ने अनुमान गर्न सकिन्छ ।

चार वर्ष (०७२/०७३ देखि ०७५/७६ सम्म) मा तीन हजार नौ सय १० जना मात्रै कालोसूचीमा परेका थिए । त्यसयता निरन्तर बढ्दै गएको दर गत वर्षदेखि तीव्र देखिएको छ । ०७६/७७ मा तीन हजार दुई सयजना कालोसूचीमा परेकामा ०७७/७८ मा चार हजार ६ सय ४१ पुगे । ०७८/७९ मा यो संख्या तेब्बरभन्दा धेरैले बढेर १३ हजार दुई सय १६ पुग्यो । आव २०७९/८० मा कालोसूचीमा ३४ हजारको हाराहारीमा थपिएका छन् । अर्थतन्त्रमा आएको सुस्तताका कारण समयमा कर्जा तिर्न नसक्दा कालोसूचीमा पर्नेको संख्या बढेको हो ।

समयमै कर्जा भुक्तानी नगर्ने ऋणीलाई बैंक तथा वित्तीय संस्थाको सिफारिसमा कालोसूचीमा राखिन्छ । कालोसूचीमा राख्नका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सिफारिस गर्नुपर्छ ।

सरकारले अर्थतन्त्र सुदृढ भएको जतिसुकै डम्फु बजाए पनि आर्थिक मन्दीले चौतर्फी संकट सिर्जना गरिरहेको छ । व्यापार-व्यवसाय झन्झन् जटिल अवस्थामा छन् । कोभिडका कारण शिथिल बनेको उद्योग व्यवसाय तंग्रिन नपाउँदै बैंक तथा वित्तीय संस्थामा आर्थिक अभाव पैदा भएको छ । सूचना केन्द्रको गत आर्थिक वर्षको साढे ६ महिनाको तथ्यांक हेर्ने हो भने उद्योगी तथा व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको संख्या तीन गुणाले बढेको छ ।

सहकारी क्षेत्रका केही सञ्चालक र व्यवस्थापकले निक्षेपकर्ताको निक्षेप फिर्ता दिन नसक्दा र बेखबर भई विकृति मौलाउँदै गएको छ । गरिबका लागि भनिएको लघुवित्तको प्रभावकारितामा ह्रास आउन थालेकाले ऋण प्रदान र असुली समेत ठूलो चुनौतीका रूपमा देखिएका छन् । अर्कातिर मिटरब्याजीको दुष्चक्रमा परेका विपन्न वर्गमा ऋण तिरेर नसकिने र उल्टै जायजेथा समेत गुमाउनुपरेका घटना दिनहुँजसो समाचारमा आउने गरेका छन् । वित्तीय क्षेत्रको सञ्जाल दूरदराजसम्म पुग्दा साहुसँग ऋण तिर्नुपर्ने र उसको मिटरब्याजी सर्त मान्नुपर्ने अवस्थाले विपन्नहरू हैरान मात्र होइन, ऋण तिर्न नसकेर आत्महत्या गर्न थालेका छन् ।

नेपाली अर्थराजनीतिमा ‘अकुत’ शब्द हिजोआज बढी प्रयोग भएको पाइएको छ । पछिल्लो समयमा नेपाली जनमानसमा यो शब्द (अकुत) सर्वव्यापी हुँदै गएको छ । भ्रष्टाचारको बढ्दो ग्राफमा ‘अकुत’को अंश डरलाग्दो छ । ‘अकुत’ आर्जनमा हजारौँ मानिस संलग्न भएको पाइएको छ । जसको अख्तियारदेखि अदालतसम्मको गन्तव्य समेत पहिल्याएको छ । पद र पहुँच हुने कतिपयले भ्रष्टाचार गर्ने र अकुत सम्पत्ति जुटाउने महारोगले हाम्रो मुलुकलाई थिलथिलो बनाएको छ । राज्यमा बढ्दो कुशासनको ब्यारोमिटरले जनतामा, निराशा र आक्रोश बढाएको छ र त्यसले भ्रष्टाचारलाई संस्थागत गर्दै चुर्लुम्म डुबाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२२ को करप्सन परसेप्सन इन्डेक्स ( सीपीआई) का अनुसार नेपाल भ्रष्टाचारमा १८० मुलुकमध्ये ११०औं स्थानमा छ । यसले १०० मा ३४ स्कोर पाएको छ ।

वित्तीय अपराध तथा अकुत आर्जनले मुलुकको अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा धकेल्छ । त्यति मात्र होइन तस्करी, ठगीबाट पनि औपचारिक अर्थतन्त्रको आकार बढ्न पुग्छ । पछिल्लो समय मुलुकमा सुन तस्करी कसरी हुँदोरहेछ भन्ने उदाहरण हामीले देख्यौँ । एक सय किलो सुन बरामद गरिएको प्रकरणबाट यो बुझ्न सकिन्छ – सुन तस्करीमा ठूलो सेटिङ मिलाई अकुत सम्पत्ति थुपार्ने काम भइरहेको छ । यो राज्य दोहनकै चरम रूप हो ।

पछिल्लो सुन प्रकरण त एउटा उदाहरण मात्रै हो, यस्ता अनेक अवैध धन्धा मुलुकमा चलिरहेका छन् । राजनीतिक नेतृत्व उच्च प्रशासन, प्रहरी प्रशासन समेतको संलग्नता नभई यस्तो काम सम्भव हुँदैन । अर्कोतिर, घर-जग्गाको व्यापार गरी अवैध ढंगले दलाल अर्थतन्त्र झाँगिएको छ । यसमा जग्गाको मूल्यांकन कम गरिन्छ, राजस्व छली गरिन्छ भने कतिपय अवस्थामा जग्गाको मूल्यांकन बढी गरी कालो धनलाई समेत सेतो बनाउने समेत गरेको पाइन्छ ।

वित्तीय अपराध तथा ‘अकुत’ आर्जन समृद्धिको बाधक हो । पुँजीगत खर्चमा जतिसुकै बजेट विनियोजन गरे पनि यसलाई नरोक्ने हो भने निष्फल हुन जान्छ । विश्वव्यापी रूपमै यस्तो आर्थिक अपराध बढ्दो रूपमा छ, तर विकसित देशमा यस्ता अपराध कम हुन्छन् भने नेपालजस्ता अल्पविकसित देशमा यसको स्वरूप बढ्दो रूपमा देखिन्छ । वित्तीय अपराध बहुआयामिक छ । वित्तीय अपराधमा न्यून बिजकीकरण, वास्तविक मूल्यभन्दा कम कबोल, मालवस्तुको गुणस्तरमा तल-माथि अर्थात् हेरफेर गर्ने, कुनै पनि वस्तुको बढी मूल्यांकन देखाई विदेशी मुद्रा अपचलन गर्ने आदि विषय पर्छन् । यो बढ्नुमा नेपालमा कथित लोकतान्त्रिक दलाल पुँजीवादी अर्थतन्त्र हाबी भएकाले हो । दलाल पुँजीवादीको मुख्य चरित्र आफ्नै देशमा रहेका विकसित उद्योग र कलकारखानाबाट उत्पादित वस्तु र उपभोग र वितरण नगरी विदेशमा उत्पादित वस्तु आयात गरी, महँगोमा बिक्री गरी स्वदेशको कच्चा पदार्थलाई कौडीको मूल्यमा साम्राज्यवादलाई निर्यात गर्नु हो ।

सरकारले वित्तीय अपराध अकुत आर्जन, ठगी, तस्करीलाई निर्मूल गर्ने जोडदार रूपमा कुरा उठाए पनि मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार कहाँ छ भनेर खोज्नुभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने भएको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि-२०२० ले भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने विषयलाई जोड दिएको छ । नेपालले पनि २३ डिसेम्बर २०११ मा उक्त महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भएपछि सो अनुसार अन्तर्राष्ट्रिय तहमा भ्रष्टाचार विरुद्धको सहयोग र सहकार्य गर्दै आएको छ ।

नेपालले महासन्धिको कार्यान्वयनका लागि आवश्यक विशेष कानुन निर्माण लगायत धेरै संरचना पनि स्थापना गरेर प्रधानमन्त्रीले प्रत्यक्ष निगरानीमा रहने व्यवस्था गरेको छ । उदाहरणका लागि सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन बनाएर संस्थागत संरचना पनि स्थापना गरेर प्रधानमन्त्रीले प्रत्यक्ष निगरानीमा रहने व्यवस्था गरेको छ । हाम्रो देशमा सम्पत्ति शुद्धीकरणका धेरै उजुरी परेका सुनिए पनि न्यून संख्या मात्रै दर्ता हुने गरेकाबाट पनि यसको पुष्टि हुन्छ ।

वित्तीय अपराध बढेपछि बैंकहरूको खराब कर्जा बढेको छ । कुल प्रवाह भएको बैंकिङ कर्जा रकममध्ये समयमै उठ्न नसकेको बैंकहरूको निष्क्रिय ( खराब) कर्जा एक वर्षमै दोब्बर भएको छ । केही बैंकको यस्तो कर्जा ५ प्रतिशत नाघे नियामक राष्ट्र बैंकको कारबाहीमा पर्दछ । कुमारी बैंकको निष्क्रियकर्ता ४.५७, नेपाल इन्भेस्टमेन्ट मेगाको ४.३५, प्राइम कमर्सियलको ४.२३ र प्रभु बैंकको ४.१६ प्रतिशत पुगेको छ । समग्रमा २० बैंकको औसत निष्क्रिय कर्जा कुल कर्जामा २.७० प्रतिशत छ । आर्थिक वर्ष २०७८/७९ यस्तो कर्जा जम्मा १.२० प्रतिशत थियो ।

सर्वसाधारणबाट उठाएको निक्षेप विभिन्न क्षेत्रमा लगानी गरेर बैंकले नाफा आर्जन गर्दछ । यद्यपि लगानी गरेको पैसा नै नउठ्दा बैंकको नाफामा गिरावट आउँदा बैंकले नोक्सानी बेहोर्नुपर्ने हुन्छ । खराब कर्जा बढेर समस्याग्रस्त अवस्थामा पुगेको बैंकलाई सर्वसाधारणले पनि विश्वास गर्दैनन् । खराब कर्जाले बैंकको छविलाई नै गिराउने अर्थात् बैंकप्रति सर्वसाधारणको भरोसा गुम्छ । आवश्यकभन्दा बढी ऋण लिनु, अनुत्पादक क्षेत्रमा ऋण प्रवाह गर्नु, जग्गाको अधिक मूल्यांकन गरी ऋण प्रवाह गर्नु आदि कारणले बैंकको खराब कर्जा बढ्ने गर्दछ । यसले देशकै अर्थतन्त्र,

***बाँकी चार पृष्ठमा***





<u>अनुरोधकर्ता</u>

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : रुपनी गाउँपालिका, सप्तरी**

# सर्पदंशबाट बालिकाको मृत्यु

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ प्रवहामा १२ वर्षिया एक बालिकाको सर्पदंशबाट मृत्यु भएको छ।

स्थानीय दिनेश यादवकी १२ वर्षिया अर्चना कुमारी यादवलाई गत आइतबार आफ्नै गोठघरमा बाख्रा बाध्ने क्रममा सर्पले टोकेको थियो।

सर्पको टोकाइबाट गम्भिर बिरामी भएकी उनलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा उपचारकै क्रममा सोही दिन उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# महिला झुण्डिएको अवस्थामा मृत फेला

**राजविराज**/राजबिराज नगरपालिका वडा नं. ११ झल्ही फर्सेठमा एक महिलाले घरमा पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन्।

सो वडा बस्ने ३५ वर्षिया प्रिती यादवले आइतबार आफ्नै घरमा काठको धरैनमा सलको पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## *मुलुकमा वित्तीय ...*

आर्थिक वृद्धिदरमा समेत असर गर्ने गर्दछ।

लोकतान्त्रिक शासन व्यवस्था डेढ दशक अघिदेखि अभ्यास गरिए पनि वित्तीय अपराध र अकुत सम्पत्ति थुपार्ने अलोकतान्त्रिक हर्कतको ब्यारोमिटर उच्च छ। राजनीतिक उपलब्धिहरूको चाङ थुप्रै भए पनि जनताको अवस्थामा कुनै परिवर्तन आएन। आम सर्वसाधारण मजदुर किसान र उत्पीडनमा रहेका जनताका समस्या ज्युँका त्युँ रहेका छन्। संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रको लिपिबद्ध गरे पनि हाम्रो वर्तमान अर्थतत्त्व-व्यवस्था अझै दलाल तथा नोकरशाही पुँजीवादको दायरामा छ।

सरकारले अर्थतन्त्रका परिसूचकहरू सकारात्मक दिशामा गएको ढोल पिटे पनि कुल राजस्व परिचालनले चालु आर्थिक खर्चलाई धान्न सकेको छैन। आर्थिक वर्ष २०७९/८० मा राज्यको आम्दानी र खर्चबीच झन्डै ४ खर्ब ८६ अर्ब ८९ करोडको खाडल छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति २ खर्ब ६३ अर्ब ३७ करोडले घाटामा रहेको थियो। अहिलेसम्म हाम्रो सार्वजनिक ऋण २२ खर्बभन्दा माथि छ। यी सबै हुनुमा वित्तीय अपराध, अकुत सम्पत्ति आर्जन तथा भ्रष्टाचार नै हो।

केही दिनअघि रातोपाटीमा 'चप्पल पड्काउँदै राजनीतिमा छिरेकाको सम्पत्ति स्रोत के हो ? भन्ने शीर्षकको एउटा लेख भाइरल भएको थियो। त्यसमा आर्थिक लेखक रिसव गौतमले अकुत सम्पत्ति कमाउनेको चिरफार गरेका छन्। उनले भनेका छन्, 'चप्पल पड्काउँदै विकल्पविहीन भएपछि राजनीतिमा पसेकाको अहिले सहरमा आलिसान महल छन्। बैंकभरि ब्यालेन्स छ। धेरै कम्पनीमा सेयर छन्, तर उनीहरूको त्यसको स्रोत के हो ? बिनापसिना बिनापरिश्रम, जनता चुसेर थुपारिएका नेताका अपारदर्शी सम्पत्तिको छानबिन गर्ने कि नगर्ने ? अब ०४६ सालयता सार्वजनिक पदमा पुगेकाको सबैको सम्पत्ति स्रोत छानबिन गर्नु जरुरी छ।' उनको यो तर्कमा दम छ। यो यथार्थ चित्रण हो।

ललिता निवास प्रकरणमा १४३ रोपनीभन्दा बढी जग्गा हिनामिना गरेको घटना 'हात्ती आयो हात्ती आयो फुस्सा' भएको छ। संगठित अपराधको कसुर हटाएर किर्तेमा मात्रै मुद्दा दायर भएको छ। किर्तेमा मात्रै मुद्दा चल्दा प्रतिवादीलाई एक वर्षसम्म सजाय हुन्छ भने संगठित अपराधमा पाँच वर्ष र ५० हजार जरिवानाको व्यवस्था छ। प्रहरीले ५७ दिन लगाएर गरेको संगठित अपराध अनुसन्धानलाई राजनीतिक दबाबबाट कमजोर बनाइएको प्रस्ट देखिन्छ। यसले के कुरा पुष्टि हुन्छ भने राजनीतिक नेतृत्वले नै भ्रष्टाचारलाई बढावा दिइरहेको छ।

राजनीतिक र कर्मचारीको मिलिभगतमा भ्रष्टाचार हुने गरेको स्पष्ट हुन्छ। अनुसन्धान गर्ने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र (सीआईबी)लाई सरकारले हस्तक्षेप गरेको देखियो। सरकारको सुशासनको मुद्दा केवल हात्तीको देखाउने दाँत मात्र भयो। यद्यपि सुशासनका केही आंशिक काम भने भएका छन्। मूल जरोसम्म सरकार पुग्न चाहेको छैन, अथवा चाहँदैन।

वित्तीय अपराध, अकुत आर्जन तथा भ्रष्टाचार नरोक्ने हो भने हाम्रो अर्थतन्त्र धरापमा पर्न गई राष्ट्र असफलतातर्फ नजाला भन्न सकिन्न। यो समृद्धिको बाधक हो। यसले विधिको शासन अर्थात् लोकतन्त्रको अवमूल्यन गर्छ, मानव अधिकारको समेत हनन गर्छ। सङ्गठित अपराध र आतङ्कवादलाई बढाउने गर्छ। मुलुकमा पछिल्लो समय देखिएको नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, सय किलो सुन तस्करी प्रकरण, सय किलो सुन तस्करी प्रकरण वित्तीय अपराध र अकुत आर्जनका बलियो प्रमाण हुन्। राजनीतिक नेता, प्रशासक, कर्मचारी, डन, तस्कर, माफियाको मिलिभगतमा यस्ता अपराध हुने गर्दछ।

नेपालमा दलाल पुँजीवादी अर्थतन्त्र हाबी भएकाले यस्ता समस्या बढ्दो रूपमा देखापरेको हो। अतः समाजवादी अर्थतन्त्रको दिशामा नगई हामीलाई सुखै छैन। मुलुकमा वित्तीय अपराध, अकुत सम्पत्ति आर्जन, अनियमितता तथा भ्रष्टाचारको नियमन तथा नियन्त्रण गर्ने संस्था पर्याप्त छन्। नेपाल राष्ट्र बैंक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, प्रहरी प्रशासन, संसद्को लेखा समिति, अदालत, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय अनुसन्धान विभाग विभिन्न छन्। यी सबै निकायलाई राज्यले अर्बौं रुपैयाँ अनियमितता तथा भ्रष्टाचार नियन्त्रण गर्न अर्थात् सुशासन कायम गर्न खर्च गरिएको छ।

यी सबै निकायलाई सरकारले कुनै दबाब नदिई स्वतन्त्रापूर्वक काम गर्न दिने हो भने भ्रष्टाचार तथा वित्तीय अपराध नियन्त्रण अवश्य हुन्छ। यस्तो कार्यमा सरकारले कुनै हस्तक्षेप गर्नु हुँदैन। सरकार इमानदारपूर्वक लाग्ने हो भने वित्तीय अपराध, अनियमितता तथा भ्रष्टाचार नियन्त्रण होइन निर्मूल नै हुन्छ। (खरेल अर्थराजनीतिक विश्लेषक हुन्।) रातोपाटीबाट

# आगोमा चार लाख बराबरको क्षति

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १ स्थित मल्खोर टोलमा सोमबार आगलागि हुँदा ४ लाख मुल्य बराबरको क्षति भएको छ।

स्थानीय समिद शेखको घरमा अचानक आगलागि हुँदा खसी, बाखा, खाद्यान्न, साइकल, पानी तान्ने मोटर, फर्निचर लगायतका सामानहरु जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

उक्त आगो ईलाका प्रहरी कार्यालय कंचनपुरको टोली, सशस्त्र प्रहरी र स्थानिय बासीहरुको सहयोगमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# श्री रामदयाल माध्यमिक विद्यालय

सखुवा कचन्दाहा (स्थापना २०१९ साल)
शम्भुनाथ न.पा.-३, सप्तरी
प्रदेश नं. ०२

मो.९८४२८१२०७७
मि.कोड नं. ५७०
कोड नं. ११२१०४००१

पत्र संख्या – २०८०/०८१
चलानी नम्बर – १३

मिति : २०८०-०५-११

**विषय – विज्ञापन प्रकाशन सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको पत्र संख्या २०८०/०८१ च. नं. १२८ र १२९ एवम् यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८०-०५-०७ गते बसेको बैठकको निर्णय अनुसार रिक्त रहेको शिक्षक पदमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपसिल अनुसारको शैक्षिक योग्यता पुगेका करार सूचिमा रहेका तथा खुल्ला उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिनहुन अनुरोध छ।

**तपसिल**

**विज्ञापन नं. :– ०१/२०८०/०८१**
तह – माध्यमिक
पद / श्रेणी – शिक्षक / तृतिय
विषय – नेपाली संख्या – १ (एक)
न्युनतम शैक्षिक योग्यता – मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई स्नातक तह उत्तीर्ण वा सो सरह। माथिलो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ।
दरखास्त दस्तुर – रु. २१००/- (दुई हजार एक सय मात्र)
नियुक्तिको किसिम – करार
तलब स्केल – नेपाल सरकारको प्रचलित नियम अनुसार
उमेर – दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम – लिखित र मौखिक

**विज्ञापन नं. :–०२/२०८०/०८१**
तह – आधारभूत (नि. मा. शि.)
पद / श्रेणी – राहत शिक्षक / तृतिय
विषय – अंग्रेजी संख्या – १ (एक)
न्युनतम शैक्षिक योग्यता – मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी मूल विषय लिई कम्तिमा १२ कक्षा उत्तीर्ण वा सो सरह। माथिलो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ।
दरखास्त दस्तुर – रु. १६००/- (एक हजार छ सय मात्र)
नियुक्तिको किसिम – करार
तलब स्केल – नेपाल सरकारको प्रचलित नियम अनुसार
उमेर – दरखास्त दिने अन्तिम मिति सम्मा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम – लिखित र मौखिक

**आवश्यक कागजातहरु ;**
१ शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपी – २ प्रति (आफुले प्राप्त गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्र आफैले प्रमाणित गरेको प्रतिलिपी)
२ अध्यापन अनुमति पत्रको प्रतिलिपि – २ प्रति
३ नेपाली नागरिकताको प्रतिलिपी – २ प्रति
४ निरोगिता प्रमाण पत्र
५ हालसालै खिचेको पासपोर्ट साइजको फोटो – ३ प्रति
६ सम्पर्क मिति :– २०८०-०५-२८
७ सम्पर्क नं. : ९८०५९२१८५९, ९८०५९०४१३१

**पुनश्च :** शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुको दरखास्त पर्न आएमा खुल्ला उम्मेदवारहरुको आवेदन रद्द गरी दस्तुर समेत फिर्ता गरी नियमानुसार करार सूचीमा रहेकालाई नियुक्ति गरिने छ।

सदस्य सचिव / (प्र.अ.)
(उमेश प्रसाद भगत)

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउन्सर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी**

# पत्रकार र प्रशासनबीच सुमधुर सम्बन्ध आवश्यक : प्रजिअ थापा

**राजविराज**/सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले जिल्लाको पत्रकार र प्रशासन एकअर्काको परिपुरक रहेको भन्दै सुमधुर सम्बन्ध हुनुपर्ने बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै नवआगन्तुक प्रजिअ थापाले सो कुरा बताउँदै जिल्लामा शान्ति, सुरक्षा र सुशासनलाई चुस्त राख्ने प्रतिबद्ध समेत जनाए ।

पत्रकार भेटघाट कार्यक्रम बोल्दै प्रजिअ थापाले जिल्लामा शान्ती सुरक्षा तथा सुशासन कायम राख्नका लागि पत्रकारहरुसंग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

पत्रकारको सुरक्षामा कमि आउन नदिने बताउदै प्रजिअ थापाले प्रशासन र पत्रकार दुबै पक्षको एक-आपसमा सम्मान व्यवहारले सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पछिल्लो समय प्रहरी प्रशासनबाट पत्रकारमाथी कुटपिट, समाचार संकलनमा अबरोध, संविधान तथा मानव अधिकार उल्लंघनका घटनाले सप्तरीका पत्रकारहरु असुरक्षित रहेको भन्दै पत्रकारहरुले प्रजिअ थापाको ध्यानाकर्षण गराएका थिए । पत्रकारहरुले दिएको सुझावलाई गम्भीरतापुर्वक लिएको बताउदै प्रजिअ थापाले क्रमशः कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि व्यक्त गरे ।

भेटघाट कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देव, पुर्व केन्द्रिय सदस्य अबधेश झा, प्रेस स्वतन्त्रता सेनानी एवम शाखा सप्तरीका पुर्व सभापति बैधनाथ झा, पूर्वअध्यक्ष धिरेन्द्र प्रसाद साह, वरिष्ठ पत्रकार एवं प्रेस काउन्सीलका पूर्वसदस्य अनिलकुमार अनल, गणेशलाल देव, प्रेस मञ्चका केन्द्रिय सदस्य चन्दन यादव, प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्ण, प्रेस काउन्सीलाई पूर्वसदस्य पत्रकार देवराम यादव, कृष्णा कुमार मण्डल लगायतकाले जिल्लाको अवस्था, तथा बस्तुस्थिति बारे जानकारी गराएका थिए ।

# गौं हत्या बिरुद्ध प्रदर्शन

**राजविराज**/गौंबंशको संरक्षण तथा गौं हत्या बन्दको माँग गर्दै वैदिक संस्कृति समाज सप्तरीले राजबिराजमा शुक्रबार ऱ्यालीसहित प्रदर्शन गरेको छ ।

स्थानीय शिव मन्दिरको प्राङ्गणबाट निकालिएको ऱ्यालीमा गौं हत्या बन्द गर, गौंबंश संरक्षण गर, हिन्दु राष्ट्र कायम गर, वैदिक गणतन्त्र घोषण गर लगायतको नारा लगाउदै नगरको विभिन्न प्रदर्शन गरिएको थियो ।

भोजभतेर गरेर गौं मांस खाने घटनाका नाइकेहरुलाई अविलम्ब कानुनी कठघरामा ल्याई कानुन बमोजिम कारवाहीको माँग गरेको गर्दै बैदिक सनातन हिन्दु धर्म र संस्कृति माथीको आक्रमण तत्कालन रोक्न माग समेत गरिएको छ ।

ऱ्याली पश्चात् शिवमन्दिरमा आयोजना गरिएको कोण सभामा समतामूलक समाज निर्माण महाअभियानका केन्द्रिय उपाध्यक्ष सुनिता साहले राज्यमा खुलेआम यस्ता अपराध हुँदा सरकार मौन बस्नु भनेको निरिह र लाचारीपन भएको आरोप लगाएकी छिन । उनले ठाउँ ठाउँमा भएको गौं हत्या, गौंवंशको भक्षण गरी भोजन गरी सामाजिक संजालमा भिडियो सार्वजनिक गरी बहादुरी देखाउने कार्यप्रति कारवाहीको माग पनि गरिन् ।

बैदिक संस्कृति समाजका अध्यक्ष रामकुमार शास्त्रीको अगुवाईमा निकालिएको ऱ्यालीमा बैरागी बाबा मोतीलाल, बाबा सुबी यादब लगायत सयौ जनाको सहभागिता रहेको थियो ।

# श्रोत नखुलेको लाखौं रकमसहित भारतीय नागरिक पक्राउ

**महोत्तरी**/श्रोत नखुलेको २६ लाख २० रुँपैयासहित प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

महोत्तरीको मटिहानी नगरपालिका वडा नं. ३ प्रतापि बाबा मंन्दिर अगाडी जनकपुर मटिहानी सडक खण्डबाट प्रहरीले भारतको बिहार राज्य अन्तरगत मधुवनी जिल्ला ग्रामपंचायत मधवापुर वडा नं. ४ बस्ने २६ वर्षिय सुमित साहलाई पक्राउ गरेको हो ।

विशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटेको सादा पोसाका प्रहरी र प्रहरी चौकी धिरापुरबाट गएको संयुक्त टोलीले पक्राउ गरेको हो ।

मधेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार ज.१२प.१६४४ नं.को मोटरसाइकलको सिट मुनि लुकाई छिपाई गरी ल्याउँदै गरेको श्रोत नखुलेको उक्त नेपाली रुँपैया बरामद भएको हो ।

पक्राउ परेका साह, रकम र मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कार्वाही तथा अनुसन्धानको लागि सम्बन्धीत कार्यालयमा पठाएको जनाइएको छ ।

# नवजात शिशु मृत फेला

**राजविराज**/राजविराजस्थित भलुवाही खोलमा बुधबार बिहान एक नवजात शिशु (छोरा) को मृत शरीर फेला परेको छ ।

राजविराज वडा नं. २ हनुमाननगर सडक खण्ड अन्तरगत भलुवाही खोलाको पुल मूनी नवजात शिशुको मृत शरीर फेला परेको हो । बुधबार बिहान स्थानीयहरुले पुल मूनी नवजात शिशु राखिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीको टोली सो स्थानमा पुगेर हेर्दा नवजात शिशु मृत अवस्थामा फेला परेपछि आवश्यक कानुनी प्रक्रिया पुऱ्याएर शिशुको शव राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल पठाएका थिए ।

हालसम्म शिशुको पहिचान खुल्न सकेको छैन भने प्रहरीले घटना सम्बन्धमा थठप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नदीमा डुबेर बालकको मृत्यु

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित नदीमा नुहाउने क्रममा १२ वर्षिय बालकको डुबेर मृत्यु भएको छ ।

वडा नं. २ रम्पुरा टोल निवासी शैलेन्द्र मण्डलका १२ वर्षिय छोरा आशिक मण्डल मंगलबार नदीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै गाउँ नजिकै रहेको घोरद नदीमा नुहाउने क्रममा डुबेर मृत अवस्थामा उनको शरीर फेला परेको हो ।


## जनहीतका लागि जारि सन्देश

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

अनुरोधकर्ता : **छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# आदित्य एल-१ अन्तरिक्षमा

**नयाँदिल्ली**/चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ सफलतापूर्वक अवतरण गरेको एक सातापछि भारतले सूर्यको अध्ययन गर्न शनिबार आदित्य एल-१ अन्तरिक्षमा प्रक्षेपण गरेको छ । आन्ध्र प्रदेशको श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट शनिबार बिहान सूर्ययान अर्थात् आदित्य एल-१ प्रक्षेपण गरिएको हो ।

सूर्यको अध्ययनका लागि प्रक्षेपण गरिएको भारतको यो पहिलो सूर्ययान हो । आदित्य एल-१को सहयोगमा अन्तरिक्षमा अनुसन्धान कक्ष स्थापना गरिने भारतीय अन्तरिक्ष अध्ययन केन्द्र (इसरो)ले जनाएको छ ।

यसैबीच, भारतका विदेशमन्त्री सुब्रमन्यम जयशङ्करले सूर्ययानको सफल प्रक्षेपण गरेकामा इसरोका वैज्ञानिकहरूप्रति वधाई ज्ञापन गर्दै भारतको अन्तरिक्ष इतिहासमा नयाँ इतिहास रचना भएको बताउनुभएको छ । सूर्ययान सफलतापूर्वक प्रक्षेण भएकामा त्यसले विश्वभर देशको प्रतिष्ठा बढाएको बताउनुभएको छ । एजेन्सी

# जेलमा रहेका खानलाई वकिलसँग भेट्न दिइएन

**पाकिस्तान**/पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का प्रमुख इमरान खानका वकिलहरूलाई प्रहरीले उहाँलाई अट्टक जेलमा भेट्न अनुमति नदिएको एआरवाई न्यूजले जनाएको छ । पिटिआईका अनुसार वकिल शीराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो ।

कानुन व्यवसायी गोहर अलीले पत्रकारहरूलाई जानकारी दिएअनुसार अदालतको आदेशको बाबजुद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको हो । अदालतले नेता खान र उनका छोराहरूबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीहरूले अवज्ञा गरेका उनले बताएका छन् ।

इस्लामावाद उच्च अदालतले मङ्गलबार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो तर गोप्य सरकारी दस्तावेज सार्वजनिक गरेको अभियोगमा उहाँलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो ।

पाकिस्तानका सबैभन्दा लोकप्रिय राजनीति नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी झमेलामा फस्नुभएको छ । उहाँविरुद्ध दुई सय वटा मुद्दा लगाइएका छन् । नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरुप ती मुद्दा लगाइएको दाबी गर्नुभएको छ ।

औपनिवेशिक युगको गोप्य कानुनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न विशेष अदालतले आदेश दिएको थियो । सैन्य मुद्दा चलाउन प्रयोग हुने कानुन उनीविरुद्ध लगाइएको सफदरले बताए । भ्रष्टाचारको आरोपमा खानमाथि गरिएको तीन वर्षको जेल सजाय मङ्गलबार नै उल्टयाइएको थियो । एजेन्सी

# जोहानेसवर्ग आगलागी : बाह्र बालबालिकासहित छयत्तर जना जले

**जोहानेसवर्ग**/दक्षिण अफ्रिकाको जोहानेसवर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७५ जना भन्दा बढीको जलेर ज्यान गएको छभने अन्य ८८ जना घाइते भएका छन् । शुक्रबार दुई जना घाइतेको उपचारका क्रममा अस्पतालमा मृत्यु भएसँगै ज्यान गुमाउनेको सङ्ख्या ७६ पुगेको हो ।

स्वास्थ्यमन्त्री जो पहालाका अनुसार ६२ जनाको शरीर पहिचान गर्न नसकिने गरी जलेकाले डिएनए परीक्षणका निम्ति सम्बद्ध निकायलाई निर्देशन दिइएको पत्रकारहरूलाई बताउनुभएको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार २० जना विदेशी नागरिकको पनि मृत्यु भएको छ । कामको खोजीमा दक्षिणअफ्रिका आएका मलावी र ताञ्जानियाका आप्रवासीको मृत्यु भएको जनाइएको छ ।

प्रिटोरियास्थित ताञ्जानियाको उच्चायुक्तको कार्यालयले आफ्नो देशका पाँच जनाको जलेर ज्यान गएको पुष्टि गरेको छ ।

केही वर्षअघिसम्म शहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ । सरकारी स्वामित्वको उक्त भवनमा समस्या भएको सन् २०१९ देखि आफूहरूलाई जानकारी रहेको सरकारी अधिकारीहरूले स्वीकार गरेका छन् । घरबारविहीन व्यक्ति कुनै औपचारिक भाडा सम्झौता बिना नै उक्त भवनमा बसेका थिए ।

दक्षिण अफ्रिकाको संसद्ले घटनाको अनुसन्धान गर्न निर्देशन दिएको छ । प्रहरीले पनि आपराधिक मुद्दा दर्ताको तयारी गरेको छ । यद्यपि कुन निकायलाई विपक्षी बनाइयो भन्नेबारेमा स्पष्ट भएको छैन ।

बिहीबार घटनास्थलको भ्रमण गर्नुभएका दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले उक्त दुर्घटना आंशिक रूपमा भवन कब्जा गर्ने र घरबारविहीनलाई त्यहाँ बस्न अनुमति दिने आपराधिक तत्वका कारण भएको बताउनुभएको छ । उहाँले महानगरको आवास समस्यालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय एवं स्थानीय सरकारलाई संवदेनशील हुन आग्रह गर्नुभएको छ ।

जोहानेसबर्गको आवास सङ्कट समाधान गर्न सरकार गम्भीर नभएको आरोप लगाउँदै जोहानेसबर्गका पूर्वप्रमुख हर्मन मशाबाले राष्ट्रपति रामाफोसाको आलोचना गर्नुभएको छ । राष्ट्रपतिले यो घटनालाई दुःखदायी भनेरमात्र नपुग्ने भन्दै २५ वर्षदेखि शहरले भोगेको समस्यालाई रातारात सृजना भएझैं प्रस्तुत हुनु आपत्तिजनक भएको उहाँले बताउनुभएको छ । दक्षिणअफ्रिकामा घरवारबिहीनहरू विविध कारणले बिग्रेभत्केका तथा राज्यले परित्याग गरेका भवनमा बलपूर्वक बस्ने गरेका छन् । त्यस्ता घर ' कब्जा गरिएका भवन'का रुपमा चिनिन्छन् । एजेन्सी

# यातायात व्यवसायी मर्कामा परेको भन्दै स्थानीय प्रशासनलाई ज्ञापन

**राजविराज**/यातायात व्यवसायीहरुले विद्यालय तथा निजि सवारी साधनले यात्रु ओसार्न थालेपछी आफूहरु मर्कामा परेको भन्दै उक्त प्रवृती माथी नियन्त्रण गर्न स्थानीय प्रशासनसँग माग गरेका छन् ।

माउन्ट सगरमाथा यातायात प्रालि प्रधान कार्यालय राजविराजले सोमबार प्रमुख जिल्ला अधिकारीलाई सो माग राख्दै ज्ञापनपत्र बुझाएको छ ।

माउन्ट सगरमाथा यातायात प्रालिका सचिवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी किरण थापालाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा सरकारी निकायमा विधिवत दर्ता भई यात्रु ओसार पोसार गर्ने इजाजत पाएका यातायात व्यवसायीलाई प्रत्यक्ष मार पर्ने गरि हाल सो कार्य केही विद्यालय, निजि तथा भारतीय नम्बर प्लेटका गाडीहरुले समेत गर्न थालेपछी आफुहरुको व्यवसाय संकटमा परेको उल्लेख गरिएको छ ।

केही समय यता विद्यालय, निजि र विभिन्न काम विशेषले नेपाल प्रवेश गरेका भारतीय नम्बरका गाडी समेतले यात्रु ओसार्ने र रिजर्भमा दिन थालेपछी आफूहरुको व्यवसाय संकटमा परेको ज्ञापन पत्रमा उल्लेख गर्दै विद्यार्थी बोकेको इजाजत प्राप्त गरेका नगरका कतिपय निजि विद्यालयले आफ्ना सवारी साधन जन्ती, पिकनिक र तिर्थाटन लगायतका काममा समेत भाडामा प्रयोग गर्न थालेको जनाइएको छ ।

ज्ञापनपत्रको बोधार्थ जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालय, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा पत्रकार महासंघ शाखा सप्तरीलाई समेत दिई उक्त प्रवृतीमाथी अंकुश लगाउन पहलका लागि अनुरोध गरिएको छ । यसअघि संघले गत साउन २५ गते जिल्ला प्रशासन कार्यालयमा सोही ज्ञापन बुझाएको थियो ।

## *दुई दिनको अवधीमा ...*

नियन्त्रणमा लिएर अनुसन्धान थालेको अख्तियारले नगर प्रमुख गुप्ताको पनि संलग्नता पाएपछि उनी समेतलाई विपक्षी बनाई विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो । दुवै जनालाई बिगो एक लाख ४० हजार कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो ।

यस्तै राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले राजविराजस्थित रंगशाला खेलमैदान स्तरोन्नति कार्यमा अनियमितता गरेको भन्दै २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । पदभार ग्रहण गरेको दुई महिना नपुग्दै २०७९ असार २९ गते राजविराज नगरपालिकाका नगर प्रमुख भीमराजमाथि आयोगले मुद्दा दायर गरेको थियो ।

गत स्थानीय तह निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) बाट बोदेबरसाइन नगरपालिका नगरप्रमुख आतेशकुमार सिंह यादव, राजविराज नगरपालिकाका नगर प्रमुखमा भिमराज यादव र विष्णुपुर गाउँपालिकामा अध्यक्ष उमेशकुमार यादव निर्वाचित भएका थिए भने शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता नेकपा (एकिकृत समाजवादी)बाट निर्वाचित भएका थिए ।

# वरिष्ठ पत्रकार एवं साहित्यकार नेपालीको निधन

**धनुषा**/प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार एवं साहित्यकार राजेश्वर नेपालीको निधन भएको छ । सोमबार जनकपुरधामस्थित म्याक्स अस्पतालमा उनको उपचारका क्रममा निधन भएको हो ।

विगत १४ महिनादेखि बिरामी परेका नेपाली गत असोज १२ गतेदेखि ओछ्यान परेका थिए । यसअघि उनलाई भारतको दिल्लीका विभिन्न अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । उनी बाबासिर र प्रोस्टेट क्यान्सरबाट पीडित थिए ।

जनकपुरधाम उपमहानगरपालिका २३ को बेला गाउँमा बुबा रामदुलार साह र आमा इन्द्रमणि देवीबाट विसं २००२ भदौ १९ गते उहाँको जन्म भएको थियो ।

मध्यम वर्गीय परिवारमा जन्मिएका नेपालीले स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेपछि मिसन पत्रकारिताबाट आफ्नो पत्रकारिता जीवन सुरुआत गरेका थिए । उनले विसं २०१५ मा जानकी नौवमी कविता लेखेर र वाचन गरेर साहित्य लेखन सुरु गरेका थिए ।

त्यसपछि उनले देश र समाजको हितका लागि, अधिनायकवादका विरुद्ध, लोकतन्त्र, समाजवाद र समानताका लागि निरन्तर आफ्नो लेखनमार्फत आवाज उठाउँदै आएका थिए । वरिष्ठ पत्रकार नेपालीले २०१८ साल मङ्सिर २६ गतेदेखि पत्रकारिता सुरुवात गरेका थिए ।

# सवारीसाधनबाट यात्रु ओरालेर रकम लुटेको आरोपमा एक पक्राउ

**राजविराज**/सवारीसाधनबाट महिलालाई ओरालेर रकम लुटेको आरोपमा प्रहरीले राजविराजका एक व्यक्तिलाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा राजविराज वडा नं. १ का अजय कुमार दास रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका दासलाई प्रहरीले अपहरण, शरीर बन्धक तथा डाका मुद्दामा मुद्दामा चलाएको प्रहरी नायब उपरिक्षक नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार गत साउन २९ गते आफ्नो व्यवसायीक कामको सिलसिलामा राजविराज आएका धरान निवासी एक महिला र पुरुष म्याजिक चढेर घर जाने क्रममा रुपनीतर्फ जाँदै गरेको अवस्थामा मोटरसाइकल चढेर आएका दाससहितका केही व्यक्तिहरुले युनिक अस्पताल नजिकबाट अपहरण गरेका थिए । सो क्रममा दुबै जनालाई म्याजिकबाट ओरालेर धाकधम्कि दिई उनीहरुको साथमा रहेको ९७ हजार नगद र महिलाका श्रीमानलाई सोही समयामा फोन गरी मोवाइल वैंकिङ मार्फत थप १ लाख फिरौति मागे गरेको प्रहरीले जनाएको छ ।

फिरौति रकम प्राप्त भएपछी उनीहरु घटनास्थलबाट फरार भएपछि प्रहरीले उक्त घटनामा संलग्न मध्ये दासलाई पक्राउ गरि थप अनुसन्धान अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# टिपरको ठक्करबाट चिकित्सकको मृत्यु

**राजविराज**/झापाको उर्लाबारीमा टिपरको ठक्करबाट सप्तरीको रुपनी गाउँपालिका घर भएका एक चिकित्सकको मंगलबार बिहान मृत्यु भएको छ ।

झापाको उर्लाबारी वडा नं. ४ स्थित ऊँ सत्य साई पेट्रोल पम्प छेउमा मंगलबार बिहान टिपरको ठक्करबाट रुपनी गाउँपालिका वडा नं. ६ बिरेन्द्र बजार निवासी २८ वर्षीय डा. नीरज यादवको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक देवेन्द्र दासका अनुसार पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्र १-०२-०५२ प ४२४१ नम्बरको मोटरसाइकल र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र ३-००१ क ००९५ नम्बरको ट्रिपर एकापसमा ठोक्किदाँ मोटरसाइकलमा सवार डा. यादव गम्भीर घाइते भएका थिए ।

घाइते यादवको उपचारका लागि तत्काल उर्लाबारी ३ स्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा पुर्याइएको भए पनि अस्पताल पुर्याएको केही समयपछि उनको मृत्यु भएको थियो ।

मोटरसाइकललाई ठक्कर दिने ट्रिपर र चालक मेचीनगर नगरपालिका ११ का ४४ वर्षीय वीरबहादुर शेर्पालाई इलाका प्रहरी कार्यालय पथरीले नियन्त्रणमा लिएको छ ।

# भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि. सं. २००२/०५/१९



स्वार्गारोहण
बि. सं. २०८०/०५/११

**स्व. राजेश्वर नेपाली**

प्रेस स्वतन्त्रता सेनानी वरिष्ठ पत्रकार एवं साहित्यकार **राजेश्वर नेपाली**को ७८ वर्षको उमेरमा असमायिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**
सम्पादक

नवीन साप्ताहिक


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*